# संचालनमा आएको मितिले तीन वर्ष वा सो भन्दा बढी समयसम्म पनि सर्वसाधारणको लागि छुट्याइएको शेयर विक्री वितरण नगर्ने इजाजतपत्रप्राप्त वित्तीय संस्थाहरुलाई उक्त शेयर विक्री गर्न नेपाल राष्ट्र बैंकको अत्यन्त जरुरी सूचना

प्रथम पटक प्रकाशित मितिः २०६६।१०।०७

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई संचालनमा आएको मितिले बढीमा दुई वर्षभित्र सर्वसाधारणको लागि छुट्याइएको शेयर विक्री वितरण गरी सक्नुपर्ने शर्त सहित वित्तीय कारोबार संचालन गर्ने अनुमति प्रदान गरिएकोमा संचालनमा आएको मितिले तीन वर्ष वा सो भन्दा बढी समयसम्म पनि सो शेयर विक्री वितरण नगरेका देहाय बमोजिमका वित्तीय संस्थाहरुलाई देहाय बमोजिमको अवधिभित्र सो शेयर कानुन बमोजिम विक्री वितरण गर्न यो सूचना जारी गरिएको छ । सो अबधिसम्म पनि सर्वसाधारणको लागि छुट्याइएको शेयर विक्री वितरण नगर्ने वित्तीय संस्थाहरुलाई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ३५ बमोजिम निलम्बन तथा खारेजी सम्बन्धी कारबाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

(क) २०६६ चैत्र मसान्तभित्र निष्काशन तथा विक्री प्रबन्धक नियुक्त गरी धितोपत्र बोर्डमा विवरण पत्र पेश गरिसक्नु पर्नेछ ।

(ख) २०६७ आश्विन मसान्तभित्र सार्वजनिक निष्काशन गरी बाँडफाँडसमेत गरिसक्नुपर्ने छ ।

| क.सं. | वित्तीय संस्थाहरुको नाम | ठेगाना |
|---|---|---|
| **संचालनमा आएको १० वर्षभन्दा बढी समयसम्म सर्वसाधारणमा शेयर जारी नगर्नेः** | | |
| १. | मर्केण्टाइल फाइनान्स कं. लि. | वीरगञ्ज,पर्सा |
| २. | हिमालय फाइनान्स लि. | सुन्धारा, काठमाडौं |
| ३. | इन्वेष्टा फाइनान्स लि | वीरगञ्ज, पर्सा |
| ४. | अरुण फाइनान्स एण्ड सेभिंग्स कं. लि. | धरान, सुनसरी |
| ५. | मल्टीपरपस फाइनान्स कं. लि | राजविराज, सप्तरी |
| **संचालनमा आएको ५ वर्ष देखि १० वर्षसम्म सर्वसाधारणमा शेयर जारी नगर्नेः** | | |
| १. | युनाइटेड विकास बैंक लि | जितपुर, वारा |
| २. | मनकामना डेभलपमेण्ट बैंक लि | हेरिटेज प्लाजा, काठमाण्डौ |
| ३. | कर्णाली विकास बैंक लि. | नेपालगञ्ज, बांके |
| **संचालनमा आएको ३ वर्ष देखि ५ वर्षसम्म सर्वसाधारणमा शेयर जारी नगर्नेः** | | |
| १. | गौरीशंकर डेभलपमेण्ट बैंक लि. | कावासोती, नवलपरासी |
| २. | वेस्टर्न डेभलपमेन्ट वैंक लि. | घोराही, दाङ |
| ३. | अरनिको डेभलपमेन्ट वैंक लि. | धुलिखेल, काभ्रेपलाञ्चोक |
| ४. | तिनाउ विकास बैंक लि. | बुटवल, रुपन्देही |
| ५. | भ्याली फाइनान्स लि. | महाराजगञ्ज, काठमाडौं |
| ६. | सेती वित्तीय संस्था लि. | टिकापुर, कैलाली |
| ७. | हामा मर्चेन्ट एण्ड फाइनान्स लि. | त्रिपुरेश्वर, काठमाण्डौ |

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बैंक तथा वित्तीय संस्था नियमन विभाग